# वार्षिक प्रगति प्रतिवेदन २०७४/७५

### खोटेहाङ गाउँपालिकाको १ वर्षे कार्य सम्पादन विवरण



नयाँ संविधानको घोषणा र संघीय शासन प्रणालीको शुरुवातसँगै मुलुकमा ७५३ ओटा स्थानीय तहले लगभग १ वर्षको स्थानीय सरकार सञ्चालनको अनुभव संगालिसकेका छन् । केही रोमाञ्चकता, केही उत्साह, केही जोखिम र केही अलमल पनि । यस्तै यस्तै व्यक्तिगत वा सामूहिक भावका साथ यात्रा शुरु गरेको हाम्रो गाउँपालिका पनि हालको दिनसम्म आइपुगेको छ । हालसम्मको स्थानीय सरकार सञ्चालनमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने संपूर्ण खोटेहाङ गाउँपालिकाबासीहरुमा हामी सामूहिक रुपमा हार्दिक आभार व्यक्त गर्दछौं । आजको यो समारोहमा हामी यो सन्देश प्रवाह गर्दछौं की यो अवधिमा जे जती प्रतिफल प्राप्त भएको छ, यसमा पालिकाबासी दाजुभाइ, दिदीबहिनीहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधी तथा अन्य सम्बद्ध पक्षहरुको चासो, चिन्ता, निगरानी, खवरदारीको महत्वपूर्ण भूमिका थियो । हामी हालसम्मको अवधिमा गाउँपालिकाले गरेका मुख्य काम र हाँसिल गरेका मुख्य उपलब्धिहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छौं ।



### १. गाउँपालिका कार्यालय मर्मत र सञ्चालन



इलाका प्रहरी कार्यालय र इलाका हुलाक कार्यालयले केही समय पालैपालो प्रयोग गरेर छोडेर गएपछि प्रयोग विहिन र संरक्षणविहिन बनेको वेलफेयर भवन र परिसरलाई मर्मत र सफाइ गरेपछि गाउँकार्यपालिका कार्यालय सञ्चालनमा आइरहेको छ । हाल यस कार्यालयमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य कर्मचारी कक्षहरु, पुस्तकालय कक्ष, स्टोर र भान्सा कोठा गरी १२ ओटा कोठाहरु सञ्चालनमा रहेका छन् । परिसरमा पानी, धारा सहितको ३ ओटा शौचालय कोठा र एउटा बाथरुम पनि रहेका छन् । गाउँ कार्यपालिका कार्यालय र सोको परिसर बस्तीभन्दा केही टाढा भएकोले भवन र परिसरको सुरक्षाको लागि सि.सि. टिभी क्यामेरा जडान गरिएको छ । संभवतः यस जिल्लाका सबै गाउँपालिका मध्ये कार्यालयको र परिसरको भौतिक संरचनामा हाम्रो गाउँपालिका पहिलो स्थानमा रहेको अनुमान गर्न सकिन्छ । यसको लागत रकम रु.५,००,०००।- रहेको थियो ।



### २. लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन



निजामती सेवा प्रवेशका लागि विद्यार्थीमा भोक सिर्जना गर्न र शहर वा राजधानीमा गएर पढ्नै पर्ने बाध्यतालाई अन्त गर्न लोक सेवा आयोगको तयारी कक्षा गाउँ कार्यपालिका कार्यालयको सभाहलमा सञ्चालन भयो । गाउँपालिकाका ९ ओटै वडावाट आएका ६४ जना युवायुवतीलाई १५ दिनको

आवासीय व्यवस्था सहित कक्षा सञ्चालन गरिएको थियो । बिहान, दिउँसो नै कक्षा चलेको उक्त कार्यक्रममा सम्पत्ति शुद्धिकरण विभाग, काठमाण्डौका शाखा अधिकृत मनोज प्रसाद दाहाल, रा.बा. बैंक खोटाङ बजारका शाखा प्रबन्धक लालबहादुर ठोकर र गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सन्तोष पोखरेलले प्रशिक्षण दिनुभएको थियो । प्रशिक्षण कार्यक्रम नायव सुब्बा ( प्रशासन सेवा) को विषयवस्तुमा केन्द्रित थियो । यसको लागत रकम रु.५,००,०००।- रहेको थियो ।

### ३. आधारभूत पत्रकारिता तालिम




दक्षिणी खोटाङमा घट्ने उल्लेखनीय र महत्वपूर्ण घटना, रहेका समस्या र सबल पक्षहरुलाई सार्वजनिक जानकारीमा ल्याउने जनशक्तिको अभावलाई केही हदसम्म भएपनि पूरा गर्न गाउँपालिका भित्रका कम्तिमा +२ उत्तीर्ण युवायुवतीलाई ४ दिने आधारभूत पत्रकारिता तालिम प्रदान गरिएको छ (चैत्र १४-१७) । हलेसी न्यूज नेटवर्क, दिक्तेलको संयोजनमा राष्ट्रिय स्तरका सञ्चार माध्यममा आवद्ध भई जिल्लामा कृयाशील पत्रकारहरुको समूहबाट दिइएको तालिममा प्रत्येक वडाबाट ३/३ जना गरी २७ जना युवायुवतीको सहभागिता रहेको थियो । सहभागीहरुलाई खाना र बासको निःशुल्क व्यवस्था गरिएको थियो । यसको लागत रकम रु.२,००,०००।- रहेको थियो ।

### ४. वृहत् महिला प्रजनन् स्वास्थ्य शिविर



दुर्गम भूगोलमा चेतना र उपचारको अभावमा दुःखदायी जीवन बाँचिरहेका महिलाहरुको विशेष गरी प्रजनन् स्वास्थ्यमा देखिएका समस्याबाट छुटकारा दिलाउने उद्देश्यले वृहत महिला प्रजनन् स्वास्थ्य शिविर सञ्चालन गरियो (२०७४ चैत्र २८,२९ र ३०) । शिविरमा गाउँपालिका भरिका ७२७ जना महिलाहरुको उपचार गरिएको थियो । शिविरमा ३९ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरको जोखिम पत्ता लागेको थियो भने ६४जना महिलाहरुको आङ खस्ने समस्याको निराकरणका लागि अप्रेसन गर्नु पर्ने भनी पत्ता लागेको थियो । ५५ जना महिलाको पाठेघरमा रीङ प्रेसरी राख्ने काम भएको थियो भने हरेक विरामीलाई निःशुल्क औषधी वितरण गरिएको थियो । शिविरमा तामाकोशी सामुदायिक अस्पताल, मन्थलीका प्रमुख डा. सुमन कर्माचार्यको नेतृत्वमा आएको १५ जना स्वास्थ्यकर्मीको समूहले उपचार गरेको थियो । यसको लागत रकम रु.७,५०,०००।- रहेको थियो ।

### ५. गाउँकार्यपालिका र हरेक वडा कार्यालयमा सौर्य प्रणाली र इन्टरनेट जडान



गाउँकार्यपालिकाको कार्यालय र नौ ओटै वडा कार्यालयहरुमा सौर्य प्रणाली र इन्टरनेट जडान गरिएको छ । यसले वडा र गाउँपालिका बीच हुने प्रशासनिक कार्यहरुलाई सहज तुल्याउने र Paperless Governance लाई टेवा पुऱ्याउने विश्वास लिइएको छ । यसको लागत रकम रु.८,५०,०००।- रहेको थियो ।

### ६. सभाहलको निर्माण र सञ्चालन



२० लाख लागतमा आधुनिक र सुविधा सम्पन्न सभाहलको निर्माण ४ महिनामा नै सम्पन्न गरी हाल प्रयोगमा आइरहेको छ । १०० जना क्षमताको हलमा सिसि टिभी क्यामेरा र आधुनिक साउण्ड प्रणाली, प्रोजेक्टर, फल्स सिलिङ र सोमा आधुनिक प्रकारको बत्ती जडान गरिएको छ । उक्त सभाहलको औपचारिक उद्घाटन गत फागुन १६ गते प्रतिनिधि सभा सदस्य माननीय साम्सद श्री विशाल भट्टराईद्वारा भएको थियो । उक्त समारोहमा प्रदेश नं १ प्रदेश सभाका सदस्य माननीय श्री राम कुमार राई पासाङको पनि उपस्थिति थियो । यसको लागत रकम रु.२०,००,०००।- रहेको थियो ।



### ७. पुस्तकालयको स्थापना

रु. ५ लाखको लागतमा गाउँपालिकामा पुस्तकालय स्थापना गरीएको छ । पुस्तकालयमा उपन्यास, कथा, आत्मकथा, जीवनी, राजनीति, इतिहास, निबन्ध, धर्म, संस्कृति, स्वास्थ्य, सञ्चार, कृषी/पशु/वन, कविता, बाल साहित्य, कानून र विविध जस्ता विधाका गरी झण्डै १७०० ओटा पुस्तकहरु रहेका छन् । उक्त पुस्तकालयको औपचारिक उद्घाटन गत फागुन १६ गते प्रतिनिधि सभा सदस्य माननीय साम्सद श्री विशाल भट्टराईद्वारा भएको थियो । उक्त समारोहमा प्रदेश नं १ प्रदेश सभाका सदस्य माननीय श्री राम कुमार राई पासाङको पनि उपस्थिति थियो ।



### ८. विद्यार्थीहरुको क्षमता उजागर गर्न विभिन्न प्रतियोगिता सञ्चालन

**(क) वक्तृत्वकला प्रतियोगिताः** दशौं राष्ट्रिय पुस्तकालय दिवसको सन्दर्भमा गाउँपालिका भित्रका आधारभूत र माध्यमिक विद्यालयका विद्यार्थीहरुबीच अन्तर विद्यालय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरियो । प्रतियोगितामा पालिकाभित्रका १५ ओटा विद्यालयका १५ जना विद्यार्थीहरु बीच भएको प्रतिस्पर्धामा भगवती दिनानाथ मा.वि. का कक्षा १० मा अध्ययनरत छात्र प्रमोद गेलाल प्रथम, विणा मा. वि. लिकुवापोखरीका कक्षा ८ मा अध्ययनरत छात्र पावेल राई द्वितीय, सावाकाली मा. वि. सावा कटहरेमा कक्षा १० मा अध्ययनरत छात्र शिशिर रसाइली तृत्तीय भए भने भाषा आधारभूत विद्यालय, बडका दियालेमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी सानुका खड्काले सान्त्वना स्थान प्राप्त गरेकी थिइन् । विजयी विद्यार्थीहरुलाई क्रमशः रु.३,०००, रु.२,५००, रु.२,००० र रु.१,००० का साथमा प्रमाणपत्र वितरण गरिएको थियो भने विजयी विद्यार्थी सम्बद्ध विद्यालयहरुलाई प्रमाणपत्रको साथमा क्रमशः रु.३,०००।–, रु.२,५००।–, रु.२,०००।– र रु.१,०००।– मूल्य बराबरको पुस्तक प्रदान गरिएको थियो ।



**(ख) हाजिरी जवाफ प्रतियोगिता**

राष्ट्रिय बाल दिवशको सन्दर्भमा गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरु बीच अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिताको सञ्चालन गरिएको थियो । पालिका भित्रका ८ ओटा विद्यालय

सम्मिलित उक्त प्रतियोगितामा भगवती दिनानाथ मा.वि., खोटाङबजारका विद्यार्थीद्वय सर्वोच्च राई (कक्षा ११) र सन्ध्या राई(कक्षा १०) को समूह प्रथम, विणा मा.वि, लिकुवापोखरीका विद्यार्थीद्वय पावेल राई(कक्षा ८) र अम्विराज राई (कक्षा १०) को समूह दोश्रो र सिम्पानी मा. वि., सिम्पानीका विद्यार्थीद्वय निशा खड्का(कक्षा ९) र राकेश खड्का(कक्षा ९) को समूह तेश्रो भएको थियो । प्रतियोगितामा प्रथम, द्वितिय र तृत्तीय हुने विजयी विद्यार्थीहरुलाई प्रति समूह रु.४,०००।–, रु.३,०००।– र रु.२,०००।– को साथमा प्रमाणपत्र वितरण गरिएको थियो भने सम्बद्ध विजयी विद्यालयलाई प्रमाणपत्र र पुस्तक वितरण गरिएको थियो ।

**(ग) चित्रकला प्रतियोगिता**



राष्ट्रिय प्रजातन्त्र दिवशको सन्दर्भमा गाउँ पालिकाभित्रका आधारभूत र माध्यमिक विद्यालयहरु बीच अन्तर विद्यालय चित्रकला प्रतियोगिता सञ्चालन गरिएको थियो (फागुन७) । वातावरण संरक्षणको मूल भावमा प्रतियोगी विद्यार्थीहरुले बनाएका विभिन्न प्रकारका चित्रहरुबीच भानु आधारभूत विद्यालय, मावेका छात्रा प्रेरणा राई (कक्षा ८) प्रथम, सिम्पानी मा. वि., सिम्पानीका कक्षा ८ का छात्र साकार खड्का दोश्रो र कृष्ण मा. वि., बरेंमा कक्षा १० मा अध्ययनरत छात्रा अनुराधा राई तृत्तीय भएका थिए भने भगवती दिनानाथ मा.वि. का कक्षा ७ मा अध्ययनरत छात्र हिमाल कार्कीले सान्त्वना स्थान हाँसिल गरेका थिए । विजयी विद्यार्थीहरुलाई क्रमशः रु.३,०००।–, रु.२,५००।–, रु.२,०००।– र रु.१,०००।– को साथमा प्रमाणपत्र वितरण गरिएको थियो । साथै सम्बन्धित विजयी विद्यालयहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

**घ) निबन्ध लेखन प्रतियोगिता**

विश्व वातावरण दिवसको सन्दर्भमा २०७५ जेष्ठ २२ गते गाउँ पालिकाभित्रका आधारभूत र माध्यमिक विद्यालयहरु बीच अन्तर विद्यालय निबन्ध लेखन प्रतियोगिता सञ्चालन गरिएको थियो । “विकास र वातावरण” शीर्षकमा १६ ओटा विद्यालयका विद्यार्थीहरुबीच भएको उक्त प्रतियोगितामा भगवती दिनानाथ मा.वि., खोटाङबजारकी छात्रा आशिका फयल प्रथम, भानु आ.वि., मावेकी छात्रा सिर्जना राई द्वितीय, सावाकाली मा.वि., सावाकटहरेका छात्र निशन मगर तृत्तीय र विणा मा.वि. लिकुवा पोखरीका छात्र पावेल राईले सान्त्वना स्थान प्राप्त गरेका थिए । विजयी विद्यार्थीहरुलाई क्रमशः रु.३,०००।–, रु.२,५००।–, रु.२,०००।– र रु.१,०००।– को साथमा प्रमाणपत्र वितरण गरिएको थियो । साथै सम्बन्धित विजयी विद्यालयहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

**ङ) विज्ञान शिक्षा प्रदर्शनी**



गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमा रहेको विज्ञान र वैज्ञानिक आविस्कार सम्बन्धी क्षमतालाई उजागर गर्न २०७५ असार १७ गते गाउँपालिका कार्यालय परिसरमा प्रतियोगितात्मक विज्ञान शिक्षा प्रदर्शनीको आयोजना गरियो । सो प्रदर्शनीमा पालिका भित्रका १० विद्यालयका विद्यार्थीहरुले आफैंले बनाएका विभिन्न वैज्ञानिक उपकरणहरु प्रदर्शनिमा राखेका थिए । उक्त प्रतियोगितामा भानु आ.वि., मावेका विद्यार्थीद्वय दिपेश राई र अमृत राईको समूह

प्रथम, भगवती दिनानाथ मा.वि., खोटाङबजारका विद्यार्थीद्वय निशान कार्की र सुदिप फयलको समूह द्वितीय, विणा मा.वि., लिकुवापोखरीका विद्यार्थीद्वय पावेल राई र परिक्षित राईको समूह तृत्तीय र सिम्पानी मा.वि., सिम्पानीका विद्यार्थीद्वय किरण पराजुली र विक्रम रोक्काको समूहले सान्त्वना स्थान हाँसिल गरेका थिए । प्रथम, द्वितीय, तृत्तीय र सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीहरुको समूहलाई नगद रु. क्रमशः रु.५,०००।–, रु.४,०००।–, रु.३,०००।– र रु.२,०००।– को साथमा प्रमाणपत्र वितरण गरिएको थियो । साथै सम्बन्धित विजयी विद्यालयहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

### च) दौड प्रतियोगिता

गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमा रहेको शारीरिक स्फूर्ति र क्षमतालाई उजागर गर्न २०७५ असार १७ गते खोटाङबजारको टुँडिखेलमा प्रतियोगितात्मक विज्ञान शिक्षा प्रदर्शनीको आयोजना गरियो । उक्त प्रतियोगिता कक्षा ५–८ र ९–१२ गरी २ ओटा कक्षा समूह बनाएर उक्त कक्षा समूहभित्र पनि छात्र र छात्राको छुट्टा छुट्टै समूह बनाइएको थियो । प्रतियोगिता कक्षा ५–८ को समूहमा छात्रतर्फ कृष्ण मा.वि., बर्रेका तोया पुरी, भगवति दिनानाथ मा.वि., खोटाङबजारका जंग प्रसाद गेलाल, भानु आ.वि., मावेका पुष्पराज राई र विणा मा.वि., लिकुवापोखरीका विक्रम बस्नेतले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गरेका थिए । त्यस्तै कक्षा ५–८ को समूहमा छात्रातर्फ विणा मा.वि., लिकुवापोखरीका कविता राउत, इन्द्राणीपोखरी मा.वि., इन्द्राणीपोखरीका विपना नेपाली, कृष्ण मा.वि. बर्रेका अनिषा विक र भगवति दिनानाथ मा.वि., खोटाङबजारका चन्द्रकला खत्रीले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गरेका थिए ।

त्यसैगरी कक्षा ९–१२ को समूहमा छात्रतर्फ इन्द्राणीपोखरी मा.वि., इन्द्राणीपोखरीका अरुण राई, सप्तकन्या मा.वि., चिप्रिङका प्रदिप राई, भगवति दिनानाथ मा.वि., खोटाङबजारका सुजन श्रेष्ठ र सिम्पानी मा.वि., सिम्पानीका विमन राईले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गरेका थिएभने छात्रातर्फ भगवति दिनानाथ मा.वि., खोटाङबजारकी रेश्मा विक, सिम्पानी मा.वि., सिम्पानीकी प्रतिक्षा श्रेष्ठ, इन्द्राणीपोखरी मा.वि., इन्द्राणीपोखरीकी विनिता बुढाथोकी र सप्तकन्या मा.वि., चिप्रिङकी तीर्थ कुमारी श्रेष्ठले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गरेका थिए ।

सबै स्पर्धामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विजयी खेलाडी विद्यार्थीहरुलाई नगद पुरस्कार क्रमशः रु.३,०००।–, रु.२,५००।–, रु.२,०००।– र रु.१,५००।– को साथमा प्रमाणपत्र वितरण गरिएको थियो भने सम्बद्ध विजयी विद्यालयहरुलाई प्रमाण पत्र वितरण गरिएको थियो ।



### छ) नृत्य प्रतियोगिता

२०७५ असार १८ गते गाउँपालिका भित्रका विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुबीच नृत्य प्रतियोगिता सञ्चालन गरिएको थियो । कक्षा ३–७ र ८–१२ गरी दुईओटा कक्षा समूहमा विभाजन गरी सञ्चालन गरिएको उक्त प्रतियोगितामा कक्षा ३–७ को समूह अन्तर्गत भएको प्रतिष्पर्धामा कृष्ण मा.वि., बर्रेकी सपना श्रेष्ठ प्रथम, सप्तकन्या मा.वि., चिप्रिङकी सनिता राईको समूह द्वितीय, सरस्वती

आ.वि., लिच्कीराम्चेकी उषा परियार तृतीय र पञ्चकन्या प्रावि, नराहाकी देविका राईले सान्त्वना स्थान हाँसिल गरेका थिए ।

त्यसैगरी कक्षा ८–१२ को समूह अन्तर्गत भएको प्रतिष्पर्धामा कृष्ण मा.वि., बर्रेकी सपना श्रेष्ठ प्रथम, सप्तकन्या मा.वि., चिप्रिङकी सनिता राईको समूह द्वितीय, सरस्वती आ.वि., लिच्कीराम्चेकी उषा परियार तृतीय र पञ्चकन्या प्रावि, नराहाकी देविका राईले सान्त्वना स्थान हाँसिल गरेका थिए ।




सबै स्पर्धामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विजयी खेलाडी विद्यार्थीहरुलाई नगद पुरस्कार क्रमशः रु.५,०००।–, रु.४,०००।–, रु.३,०००।– र रु.२,०००।– को साथमा प्रमाणपत्र वितरण गरिएको थियो भने सम्बद्ध विजयी विद्यालयहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

### ज) खुल्ला कविता प्रतियोगिता

गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुबीच खुल्ला कविता प्रतियोगिताको आयोजना गरियो (असार १८ गते) । कक्षा ५–८ र ९–१२ को छुट्टा छुट्टै कक्षा समूह बनाई सञ्चालन भएको प्रतियोगितामा कक्षा ५–८ को समूहबाट पञ्चकन्या प्रावि, नराहाकी सन्ध्या बिष्ट प्रथम, सरस्वती आवि, लिकुवापोखरीका उमेश कार्की द्वितीय, सावाकाली माविकी वर्षा सापकोटा तृत्तीय र लक्ष्मी मावि, लिच्किराम्चेका रमेश राईले सान्त्वना स्थान हाँसिल गरेका थिए ।

त्यसै गरी कक्षा ९–१२ को समूहबाट सिम्पानी मावि, सिम्पानीकी बसन्ती राई प्रथम, भगवती दिनानाथ मावि, खोटाङबजारकी सीता नेपाली द्वितीय, इन्द्राणीपोखरी मावि, इन्द्राणीपोखरीका अनिल क्षेत्री तृत्तीय र लक्ष्मी मावि, लिच्किराम्चेका सुनिल खड्काले सान्त्वना स्थान हाँसिल गरेका थिए ।

सबै स्पर्धामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विजयी खेलाडी विद्यार्थीहरुलाई नगद पुरस्कार क्रमशः रु.३,०००।–, रु.२,५००।–, रु.२,०००।– र रु.१,५००।– को साथमा प्रमाणपत्र वितरण गरिएको थियो भने सम्बद्ध विजयी विद्यालयहरुलाई प्रमाण पत्र वितरण गरिएको थियो ।

## ९. बजार सरसफाइ कार्यक्रम

विश्व वातावरण दिवश, राष्ट्रिय एकता दिवश, निजामती सेवा दिवशको सन्दर्भ समेत गरी हालसम्म ३ पटक खोटाङ बजारमा वृहत सरसफाइ कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा स्थानीय बजारबासी, जनप्रतिनिधी, कर्मचारी, सुरक्षाकर्मी, शिक्षक, विद्यार्थीको सहभागिता थियो ।

## १०. परीक्षामा निस्पक्षताको सुनिश्चितता

गाउँपालिकाले यस आ.व. मा कम्प्युटर अपरेटर, अनमीको लागि एक एक पटक र ४ पटक शिक्षकहरुको छनोट परीक्षा सञ्चालन गऱ्यो । उक्त परीक्षाहरुमा भनसुन, अनियमितता, कुनै गलत



व्यवहारको प्रभावमा नपरिकन गौरव गर्न लायकको निस्पक्षताका बीच **सहभागी भएका मध्येबाट राम्रा परीक्षार्थी**हरु छनोट भएका थिए । यसले खोटेहाङ गाउँपलिकामा भनसून, नातावाद, दलीय प्रभाव आदिले गाउँपालिका स्तरीय परीक्षामा कुनै नकारात्मक असर पार्दैन भन्ने सन्देश सर्वत्र फैलन सफल भएको छ जुन हामी सबैको लागि

खुसीको कुरा हो ।

## ११. सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्नः २ पटक

गत मंशिर २४ गते पहिलो सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भयो । गाउँपालिकाको केन्द्र खोटाङबजारमा भएको उक्त कार्यक्रममा गाउँपालिका बासीहरुले विकास निर्माण, अनियमितता, ढिलासुस्ति, योजना संझौता, अनुगमन, फरफारक आदि विषयमा विभिन्न प्रश्नहरु, विचारहरु र गुनासोहरु राख्नुभएको थियो ।



त्यस्तै केन्द्र भन्दा बाहिर पनि कार्यक्रमहरु गर्ने कार्यपालिकाको निर्णय अनुरुप दोश्रो सार्वजनिक सुनुवाई वार्ड नं ८ सिम्पानीको लोहोकिल बजारमा गत २०७५ जेष्ठ ११ सम्पन्न भयो । लेखा समितिको प्रतिवेदन, गाउँपालिकाले गरेका उल्लेखनीय कार्यहरुको विवरण, विषयगत निकायहरुको आ-आफ्नो प्रतिवेदन प्रस्तुत भएको उक्त कार्यक्रममा सडक, विद्यालय, विद्युत महसुल भुक्तानीमा भएको हैरानी र अन्य विविध विषयमा सिम्पानी र सेरोफेरोका भूगोलका वासिन्दाहरुले प्रश्न, जिज्ञासा, गुनासो राख्नुभएको थियो ।

## १२. संविधान दिवस मनाइयो ।



गत असोज ३ गते खोटाङ बजारमा विविध कार्यक्रम सहित संविधान दिवस मनाइयो । एक समारोह बीच मनाइएको उक्त कार्यक्रममा विभिन्न व्यक्तित्वहरुको मन्तव्य, विद्यार्थीहरुको नृत्यका साथमा साँझमा दिपावली समेत गरिएको थियो । मन्तव्यका क्रममा गाउँपालिका अध्यक्ष प्रदिप राई, भगवती दिनानाथ मा. वि., खोटाङबजारका प्रधानाध्यापक कुमार पराजुली, गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सन्तोष पोखरेलले संविधानमा भएका मुख्य मुख्य व्यवस्था र जनताले पाएका हक अधिकारको बारेमा उपस्थित सर्वसाधारणलाई जानकारी गराउनुभएको थियो ।

## १३. मोबाइल मर्मत तालिम सञ्चालन



जिल्ला घरेलु उद्योग विकास समितिको सहकार्यमा १ महिने मोबाइल मर्मत तालिम खोटेहाङ -८, सिम्पानीमा सञ्चालन भयो (२०७५ बैशाख १ देखि ३१) । रु.२ लाखको खर्चमा गाउँपालिका भित्रका १८ जना दलित युवाहरुको लागि सञ्चालित उक्त कार्यक्रममा सहभागीहरुलाई खान र बस्नको निःशुल्क व्यवस्था गरिएको थियो । यसको लागत रकम रु.२,००,०००।- रहेको थियो ।

## १४. पूँजीगत खर्च प्रगति उल्लेख्य मात्रामा

यस आर्थिक वर्षमा झन्डै साढे बाह्र करोड पूँजिगत बजेट रहेकोमा आर्थिक वर्षको अन्तसम्ममा झण्डै ९५ प्रतिशत बजेट बरावरको पूँजीगत खर्च भइसकेको छ । चालु आ.व.मा पालिका र वडा स्तरीय गरी जम्मा ३१० ओटा योजनाहरुमध्ये १२ ओटा योजनाहरु संझौता नै नभएका बाहेक २९० ओटा (

९४.१६%) योजनाहरु संभ्मौता भई सम्पन्न भए भने ७ ओटा योजनाहरु आंशिक रुपमा सम्पन्न भई क्रमागत योजनाको रुपमा रहेका छन् । एउटा योजनाको रकम मात्र पेश्की बेरुजुको रुपमा रह्यो । यस आ.व.मा वडा कार्यालय, एकीकृत सेवा केन्द्र, विद्यालय गरी १० ओटा भवनहरु, ५ ओटा खेल मैदानहरु, ९१ किमी जम्मा लम्बाइ भएका नयाँ सडकहरु यस गाँउपालिकामा बनेका छन् ।

### १५. आठ मिटर फराकिलो नमुनायोग्य बाटो



रसुवादेखि पान्धारेसम्मको क्षेत्रीय सडकलाई बाह्रै महिना सञ्चालन गर्ने उद्देश्यले शुरुमा रु.५० लाख विनियोजित बजेटबाट लिच्कीराम्चेको बाघेढुंगादेखि बस्तिपुरसम्मको बाटोलाई कच्ची नाली सहित ८ मीटर फराकिलो पारियो । यो योजनाको सफलता र राम्रो पक्षलाई मध्यनजर गर्दै यस वर्ष गाउँपालिकाको लागि गाडी खरिदको लागि भनेर विनियोजन गरिएको रु.३५ लाख रुपैयाँ समेत यसै सडकको सिम्पानी इन्द्राणीपोखरी खण्डमा सोही प्रकृतिको गुणस्तर कायम गर्ने गरी काम गर्न रकमान्तर गरियो । यस आर्थिक वर्षमा विद्युत विस्तारमा काम हुन नसक्ने भएकोले ठूलो रकम फ्रिज हुने जोखिम ठानी विद्युतमा विनियोजित रकमलाई पनि बाघेढुंगा-सिम्पानी, बुदेधारा-कुलाभञ्ज्याङ र चिप्रिङ-मूलडाँडा खण्डमा सोही प्रकृतिको सडक स्तर कायम गराउन रकमान्तर गरी काम गरियो । हाल गाउँपालिका क्षेत्र भित्र २९.२७ किलोमिटर सडक कच्ची नाली सहित ८ मिटर चौडाको बनेको छ भने १०. ८२ किलोमिटर सडक कच्ची नाली सहित ६ मिटर चौडाको बनेको छ ।

### १६. विकास निर्माणको कार्यमा प्रभावकारी अनुगमन र भेटिएका कैफियत उपर शुन्य सहनशीलता

गाउँपालिकाका उपाध्यक्षको नेतृत्वमा रहेको पालिकास्तरीय अनुगमन समितिबाट विकास निर्माणका कार्यको नियमित रुपमा अनुगमन भइरहेको छ । ठूला योजनाहरुको अनुगमनबिना फरफाराक नहुने व्यवस्था अवलम्बन गरियो । साना वा ठूला सबैखाले योजनाको अनुगमनमा कैफियत भेटिएमा शुन्य सहनसीलताको नीति लिने प्रथम गाउँसभाकै घोषणा अनुरुप भुक्तानी रोक्ने अथवा योजनामा विनियोजित सबै रकम नभै भएको काम बराबरको रकम मात्र भुक्तानी दिने व्यवस्था गरियो । यस अनुसार यस वर्षका धेरै ठूला योजनाहरुमा विनियोजित रकमबाट ५ देखि ७ लाख रुपैयाँसम्म कम गरेर मात्र भुक्तानी दिइयो । केही योजनाहरुको अनुगमनपछि कम गुणस्तरको काम भेटिंदा उक्त संरचना भत्काई पुनः गराएर मात्र भुक्तानी दिइयो ।



### १७. प्रथम अध्यक्ष कप भलिबल प्रतियोगिताको सफल सञ्चालन



हाम्रै गाउँपालिका र अन्य गाउँपालिकाका वडाहरु सम्मिलित महिलाहरुको ५ ओटा समूहबीच र पुरुषहरुको ११ ओटा समूहबीच प्रथम अध्यक्ष कप अन्तर वडास्तरीय पुरुष तथा महिला खुल्ला भलिबल प्रतियोगिता सम्पन्न गरियो ( २०७४ बैसाख १२,१३ र १४) । प्रतियोगितामा प्रथम, द्वित्तीय र तृत्तीय हुने दुबै लैंगिक समूहहरुको लागि बराबर पुरस्कार राशी (क्रमशः रु. ५०,०००।-, रु. ३०,०००।- र रु.




२०,०००।-) र प्रमाणपत्रको व्यवस्था गरिएको थियो । यस कार्यक्रमको सञ्चालन लागत रकम रु.३,००,०००।- रहेको थियो ।

### १८. पूर्ण सरसफाइ उन्मुख वडा घोषणा



यस गाउँपालिकाका साविकका २ ओटा गाविस र हालका २ ओटा वडा इन्द्राणीपोखरी र सावा कटहरेलाई पूर्ण सरसफाइयुक्त वडा घोषणा गरिएको छ । उक्त दुवै वडाहरु यस जिल्लाकै क्रमशः पहिलो र दोश्रो सरसफाइउन्मुख वडाहरु बनेका छन् ।

### १९. गाउँ शिक्षा नियमावली पारित




यस गाउँपालिका भित्रका सबै विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका प्रतिनिधीहरु, शिक्षक र सर्वसाधारणबीच व्यापक छलफल, बहसको निचोडपछि गाउँ शिक्षा नियमावली पारित गरिएको छ । नियमावली पारित भइसकेपछि सो नियमावलीमा भएको व्यवस्थाको आधारमा ४ पटक शिक्षकहरुको परीक्षा समेत लिइसकिएको छ ।

### २०. सडक सौर्य बत्ती जडान सम्पन्न



वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा उक्त केन्द्रको बीस लाख र गाउँपालिकाको आठ लाख गरी रु २८ लाखको संयुक्त लागतमा गाउँपालिकाको केन्द्र खोटाङबजारमा सडक सौर्य बत्ति जडान गरियो । ३० ओटा पोल बत्तीले खोटेहाङ गाउँकार्यपालिकाको कार्यालयदेखि खोटाङबजारका विभिन्न स्थान हुँदै स्वास्थ्य चौकी, खोटाङबजारको कार्यालयसम्मको भूगोल रातमा झिलिमिलि भएको छ ।

### २१. गाउँपालिका प्रोफाइल (पार्श्वचित्र) निर्माण शुरु



सत्य तथ्यमा आधारित विवरणका आधारमा बनेको प्रोफाइल मात्र भोलिका दिनमा योजना निर्माणको आधार बन्छ भन्ने हेतुले कुनै फर्म वा कम्पनीसँग संझौता नगरी गाउँपालिका आफैंले पालिका प्रोफाइल निर्माणको काम शुरु गरेको छ । निर्माणको पहिलो चरणमा १९ जना गणकहरुलाई घर परिवार सर्भेक्षण गर्नको लागि १ दिने प्रशिक्षण पश्चात गाउँगाउँमा पठाइयो हाल उनीहरुले संकलन गरेर ल्याएको तथ्यांकलाई सम्पादन र समूहीकृत गर्ने काम जारी छ ।

### २२. वडा कार्यालयहरुको निर्माण

वडा नं. २, ३, ५, ७ र ९ मा वडा कार्यालयहरु निर्माण शुरु भएका छन् । क्रमागत रुपमा बजेट छुट्याएकोले आगामी आ.व.को पहिलो ६ महिना भित्रै नियमित कार्य सञ्चालन गर्न सकिने गरी ती भवनहरु तयार भइसक्नेछन् । एउटै लागत रकम र एउटै नक्सामा तयार हुँदै गरेका भवनहरु आगामी दिनमा एकरुपताको परिचायक बन्नेछन् भन्ने विश्वास हामीलाई छ ।



## २३. औषधीको आपूर्तिमा निरन्तरता

देशका अन्य स्थानीय तहहरुमा औषधीको हाहाकारका खबरहरु निरन्तर सुनिइरहेको बेला हाम्रो गाउँपालिकामा हालसम्म कुनै समस्या रहेको छैन । स्टोरमा पर्याप्त औषधी भण्डारण गरिएको छ । स्वास्थ्य चौकीमा अपुग हुने वित्तिकै पठाइदिने व्यवस्था छ । आगामी वर्षाको समयमा पनि अभाव नहुने कुरामा हामी आस्वस्त पार्न चाहान्छौं ।

## २४. पर्यटकीय स्थलहरुको प्रवर्द्धन

यस आ.व. मा यस गाउँपालिकाका २ ओटा महत्वपूर्ण धार्मिक र सुन्दर प्राकृतिक स्थलहरु क्रमशः हलेसी गुफा र इन्द्राणीपोखरीलाई पर्यटकीय स्थलको रुपमा प्रवर्द्धन गर्नको लागि आवस्यक रकम विनियोजन गरी पूर्वाधारको निर्माण गरियो । हलेसी गुफामा संरचना निर्माणको लागि रु.११,००,०००।- विनियोजन गरिएको थियो भने इन्द्राणीपोखरीमा रु.२०,१८,२५०।- विनियोजन गरिएको थियो ।



## २५. गाउँ पालिका भित्रका वडा कार्यालयहरुमा कार्यरत वडा सचिव र प्रशासन सहायकहरुका लागि ICT & VERSP-MIS तालिम सञ्चालन

गाउँपालिका भित्रका वडा कार्यालयहरुमा कार्यरत वडा सचिव र प्रशासन सहायकहरुका लागि ७ दिने ICT & VERSP-MIS तालिम खोटेहाङ गाउँपालिकाको सभाहलमा सञ्चालन भयो (२०७५ असार ९ देखि १५) । रु.३ लाखको खर्चमा गाउँपालिका भित्रका १५ जना कर्मचारीहरुको लागि सञ्चालित उक्त कार्यक्रममा सहभागीहरुलाई खान र बस्नको निःशुल्क व्यवस्था गरिएको थियो । यसको लागत रकम रु.३,००,०००।- रहेको थियो ।




## २६. जन प्रतिनिधीहरुका लागि अभिमुखीकरण तालिम सम्पन्न

महिला, बालबालिका उत्थान तथा वातावरण संरक्षण केन्द्रको व्यवस्थापन तथा खोटेहाङ गाउँपालिकाको आयोजनामा गाउँपालिकाभरिका जनप्रतिनिधीहरुका लागि साढे २ दिने अभिमुखिकरण कार्यक्रमको आयोजना गरियो (२०७५ जेष्ठ २५,२६ र २७) । उक्त कार्यक्रममा प्रशिक्षकहरुले स्थानीय सरकार सञ्चालन, सुशासन र सेवा प्रवाहका विषयमा कक्षा लिनुभएको थियो । कार्यक्रममा गाउँपालिका भरिका ३४ जना जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो ।  उक्त कार्यक्रमको लागत रु.४,००,०००।- रहेको थियो ।

**२७. न्यायिक समिति गठन कार्य सञ्चालन**

गाउँपालिकाका उपाध्यक्ष कविता राईज्यूको संयोजकत्व र कार्यपालिका सदस्यहरु शिव प्रसाद फयल र कमला गेलाल सदस्य रहेको गाउँपालिका स्तरीय न्यायिक समिति गठन भएको छ । गाउँ पालिका भित्रका स-साना विवादहरुको निरुपण विभिन्न बैठक र भेलाहरुमार्फत उक्त समितिले गर्दै आएको छ ।

**२८. प्रथम वार्षिकोत्सव समारोह सम्पन्न**



खोटेहाङ गाउँपालिकाको औपचारिक उद्घाटन भएको १ वर्ष अवधि पुगेको अवसरमा गत वैशाख १५ गते विविध कार्यक्रम सहित प्रथम वार्षिकोत्सव समारोह सम्पन्न भयो ।

प्रदेश नं. १ को प्रदेश सभा सदस्य माननीय उषाकला राईको प्रमुख आतिथ्यमा सञ्चालन भएको उक्त कार्यक्रममा विविध जातजातीका झाँकी तथा नृत्यका प्रस्तुतिहरु, विभिन्न व्यक्तिहरुका मन्तव्यहरु सहित ९ महिनाको अवधिमा गाउँपालिकाले गरेका काम र प्राप्त गरेका उपलब्धीहरु समेत प्रस्तुत भएको थियो ।

**२९. अपांग व्यक्तिहरुका लागि सहयोगी सामाग्रीहरु प्रदान**

समुदायमा आधारित अपांगता पुनर्स्थापना कार्यक्रम, विराटनगर, अपांग सेवा संघ, खोटाङ र खोटेहाङ गाउँपालिकाको संयुक्त आयोजनामा १४ जना अपांगहरुका लागि सहयोगी सामाग्री र कृतिम अंग हस्तान्तर कार्यक्रम यसै आ.व. मा सम्पन्न भयो ।

**खट्किएका पक्षहरु**

१. राजस्वको प्रक्षेपण अनुसार फराकिलो क्षेत्रबाट राजस्व असुल गर्न सकिएन जसले गर्दा आन्तरिक आम्दानी न्यून रह्यो ।

२. योजनाको छनौट र कार्यान्वयनमा प्रत्यक्ष रुपमा अनुभवको कमी देखियो जसले गर्दा योजनाहरु परिवर्तन गर्नुपर्‍यो ।

३. उपभोक्ता समितिका सदस्यहरुलाई पर्याप्त मात्रामा प्रशिक्षित गर्न सकिएन जसले गर्दा केही योजनाको काम अपेक्षित गुणस्तरको हुन सकेन ।

४. योजनाको संख्या धेरै भए जसले प्रभावकारी अनुगमन र कार्यान्वयनमा समस्या देखियो ।

५. योजनाको स्टिमेट पछि कार्यक्रम स्वीकृत गर्नुपर्नेमा हचुवाको भरमा योजना तथा कार्यक्रम स्वीकृत हुँदा बजेट उब्रिने वा नपुग्ने जोखिम बढेर गयो ।

६. मौसम र भौगोलिक विकटताको कारणले इन्टरनेट लगायतको सञ्चार प्रणालीमा प्राविधिक गडबडी आइरहन्छ । यसले दैनिक कार्य सञ्चालनमा बाधा पुर्‍याएको छ ।

७. शिक्षक र स्वास्थ्य सेवाका कर्मचारीहरुलाई बेलैमा तलब लगायतका सुविधाहरु प्रदान गर्न सकिएन

८. कर्मचारीको संख्या न्यून रहेको तर विगतमा धेरैओटा जिल्ला कार्यालयले गर्ने काम एउटै पालिका कार्यालयबाट गर्नुपर्दा ढिलासुस्तीको गुनासो बढेको छ ।

९. विद्युत विस्तारमा पर्याप्त बजेट छुट्याएर पनि सम्बन्धित निकायको असहयोग र ठूलो रकमको बजेटमा काम गर्ने हाम्रो अभ्यासको कमीको कारणले वडा नं. २ र ८ मा बाहेक अन्य वडामा विद्युत विस्तारको काम गर्न सकिएन ।

१०. उत्पादनमूलक र रोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने खालका योजनाहरु पहिचान गर्न र कार्यान्वयन गर्न सकिएन ।

अन्त्यमा, कुनै पनि काम गर्दा सत् प्रतिशत सफलता सुनिश्चित नहुन सक्छ । तर अधिकतम राम्रो वा प्राप्तिकै लागि प्रयास गर्ने हो । कति प्रतिशत सफल भइयो भन्दा पनि प्रयास सामूहिक भलाइका लागि थियो की थिएन भन्ने प्रश्न महत्वपूर्ण हुन्छ भन्ने हामीलाई लाग्छ । काम गर्दा गल्तीहरु पनि हुन्छन् । गल्तीहरुलाई बेलैमा औंल्याएकोले हामी सच्चिने मौका पनि पाएका छौं त्यसैले गल्ती औंल्याइदिने सम्बन्धित पक्षहरु धन्यवादका पात्र हुनुहुन्छ । विगतमा स्थानीय स्तरमा विकासका कार्यमा धेरै गलत अभ्यासहरु भएका थिए । यसले गर्दा आम मानिसमा 'राम्रो पनि हुन्छ र ?' भन्ने निराशाजनक मानसिकताले जरो गाडेर बसेको छ । तर विभिन्न मानिसहरुसँगको अनौपचारिक कुराकानीका सन्दर्भमा यस्तो निराशाजनक मानसिकता भत्कँदै गएको आभास हामीले पाएका छौं । यसलाई हामीले आफ्नो सफलता ठानेका छौं । यस्तै सूचकहरुले नै हामीलाई थप सकृय भई काम गर्न हौस्याएको छ । आगामी दिनमा पनि संपूर्ण पक्षबाट हाम्रो काममा थप चासो, चिन्ता, जिज्ञासा, खवरदारी र सहयोगको हामी अपेक्षा गर्दछौं । हाम्रा गल्ती र कमजोरीमा पनि निरन्तर औंला उठुन् भन्ने हाम्रो आशा छ तर कमजोरी र गल्ती भनिएका कुराहरु तथ्यमा आधारित होउन् भन्ने कुराको पनि हामी अपेक्षा गर्दछौं ।

**धन्यवाद् ।**